जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १३५ पृष्ठः ४ | २०८२ भदौ ३० गते सोमबार (Monday 15 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आन्दोलनमा विजयको ज्यान गयो, गाउँमा बुबाआमा बेखबर





सिरहा, २९ भदौ । हरिप्रसाद चौधरी घरको बरण्डा अगाडि टोलाइरहेका छन् । छेउमै जलेश्वरीदेवी (विजयकी आमा)को पनि उस्तै छ । शरीर त्यहीँ छ, तर मन कता हो कता हराएको छ । उनीहरुका आँखा त्यही बाटो हेर्दै टोलाइरहेछ, जहाँबाट अब विजय कहिल्यै फर्कनेवाला छैन । तर उनीहरूलाई थाहा छैन, छोरोले ‘जेनजी ’ आन्दोलनमा गत मंगलबार संसार छाडिसकेका छन् । मन बेचैनीले भरिएको छ । अनुहारमा एकैचोटी अनेकन कुरा खेलिरहेको प्रष्ट देखिन्छ । आशा, डर अनि थोरै शंका । गाउँमा विजयबारे आएको खबर आधामात्र हो । “गोली लागेको रे, तर उपचार भइरहेको छ”, नजिकका एक आफन्तले आएर बताएपछि अत्तालिएको आमाबुबाको मन केही सम्हालिएको थियो । तर विजयको फोन, म्यासेज या कुनै खबर आउन छाडेको पनि धेरै दिन भइसकेको छ ।

घरको आँगन चिसो लाग्न थालेको छ । तर आमाबुबाको मन अझै तातो छ, छोरो आउने आशामा । भाइको मृत्युको खबर सुनेपछि हेटौँडामा बस्दै आएकी विजयकी दिदी काठमाडौँ पुगेर आमालाई फोनमा सत्य लुकाएर ढाडस दिइरहेकी छिन् “भाइलाई आइसीयूमा राखिएको छ आमा, बोल्न सक्ने अवस्थामा छैन । होसमा आएपछि खबर गर्छु ।” सत्ताइस वर्षीय विजय चौधरी, लहान–१५ सिमलटोलका बासिन्दा हुन् । गत मंगलबार काठमाडौँको बानेश्वरमा ‘जेनजी पुस्ता’ आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली विजयको छातीमा लाग्यो । त्यही ठाउँमा ढले । साथीले उनलाई तत्काल सिभिल अस्पताल लगे, तर त्यसबेला विजयको प्राण गइसकेको थियो । घटनाको पुष्टि हुँदै जाँदा, विजयको शव शिक्षण अस्पतालको शवगृहमा पुगिसकेको थियो । यता गाउँमा चाहिँ सत्य लुकाइएको थियो ।

पाँच वर्षदेखि काठमाडौँमा ‘हाउसवायरिङ’को काम गर्दै आएका विजय गत साउनमा गाउँमा रोपाइँ सकेर १५ दिनअघि मात्र श्रीमती उर्मिला र चार वर्षकी छोरीसहित फेरि राजधानी फर्किएका थिए । आमाबुबाको औषधि, घरखर्च, बालबालिकाको पढाइलगायत सबै कुरा विजयको कमाइमै निर्भर थियो । तर जसको आशामा घर चलेको थियो, उनै विजय अब फर्कने छैनन् । भाइलाई गोली लागेको खबर पाएपछि हेटौँडामा रहेकी दिदी सुशीला सोही साँझ काठमाडौँ पुगेकी थिइन् । उनले राजधानीका दर्जनौँ अस्पताल चहारेपनि चौबीस घण्टापछि बल्ल सार्वजनिक सूचीमा भाइको नाम फेला पारिन् । शिक्षण अस्पताल पुगेर भाइको शव पहिचान गरिन् । त्यसपछि विक्षिप्त बनेकी सुशीला बुबाआमालाई सम्हाल्न गाह्रो हुने ठानेर भाइ उपचाररत रहेको झुटा कुरा बताइन् । “छोरीले खबर गरिसकेकी छ, चाँडो निको होस् भनेर भगवान्सँग कामना गरेकी छु”, आमा जलेश्वरीदेवीले भनिन् ।

विजयको दाजु अजय वैदेशिक रोजगारीबाट शनिबार फर्किँदै छन् । उनले नै आमाबुबालाई यो पीडादायी खबर नसुनाउने योजना बनाएका हुन् । सायद उनलाई लाग्छ, भक्कानिएको आमाबाबुको मन सम्हाल्ने कोही हुने छैनन् । यो खबर सिधै भन्नु आमाको मुटुमाथि

-बाँकी तीन पेजमा

## जनकपुरधाम उपमहानगर कार्यालय सञ्चालनमा आउन एक महिना लाग्ने



जनकपुरधाम, २९ भदौ । जनकपुरधाम उपमहानगरपालिका कार्यालय पुनः सञ्चालनमा ल्याउन कम्तीमा एक महिना लाग्ने भएको छ । जेनजी आन्दोलनका क्रममा उपमहानगरको पाँच तले भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । उपमहानगरका अधिकांश शाखा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । उपमहानगरको कर शाखा प्रमुख तथा प्रवक्ता परमेश झाले दिएको जानकारीअनुसार आगजनीका कारण कागजातदेखि धेरैजसो विद्युतीय सामग्रीसमेत लुटिएका वा नष्ट भएकाले तत्काल कार्यालय सञ्चालन असम्भव भएको हो ।

झाका अनुसार कार्यालयमा वितरणका लागि राखिएका करिब २०० ग्यास सिलिण्डरमध्ये ७८ वटा विस्फोट हुँदा भवनको पछाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । अहिले उपमहानगर प्रमुखको

-बाँकी तीन पेजमा

## मधेस प्रदेश सभामा करिब ३० करोड बराबरको क्षति



जनकपुरधाम, २९ भदौ । जेनजी पुस्ताको आन्दोलनका क्रममा मधेस प्रदेश सभा सचिवालयमा भएको तोडफोड र आगजनीबाट करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको सभामुख रामचन्द्र मण्डलले बताएका छन् । उनका अनुसार प्रदेश सभाका सातै दलका संसदीय दल कार्यालय, दलका सभापतिहरूका कार्यकक्ष, सभामुखको कार्यकक्षदेखि लिएर सचिवालयका अधिकांश शाखा पूर्ण रूपमा प्रभावित भएका छन् । ‘प्रदर्शनकारीहरूले कार्यालय क्षेत्रमात्र नभई गाडी र व्यक्तिगत सम्पत्तिमा समेत आक्रमण गरेका छन्,’ सभामुख मण्डलले भने ।

तोडफोडमा सचिवालयको एउटा हायस गाडीमा आगजनी गरिएको छ भने सभामुख मण्डलकै निजी गाडीको सिसा फुटाइएको छ । कार्यालयभित्र रहेका फर्निचर, कम्प्युटर, ल्यापटप, टेलिभिजन, पंखालगायतका सामग्री जलाइएका वा लुटपाट भएको सभामुख मण्डलले जानकारी दिए । सभामुख मण्डलले आफ्नो निवासमा समेत प्रदर्शनकारी प्रवेश गरी झन्डै तीन तोला सुनका गरगहना लुटेको बताए ।

-बाँकी तीन पेजमा




SNEHA AUTO ZONE
9801592518

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु–याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु–याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुरयाउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु–याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतामा टेवा पु–याउँछ

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## युवाहरूको सरसफाइ अभियान

जेन–जी पुस्ताको नेतृत्वमा सुरु भएको आन्दोलन केही हप्ता अघिसम्म सडक तताउने, टायर बाल्ने, सरकारी कार्यालयहरूमा तोडफोड र आगजनी गर्ने अवस्थासम्म पुगेको थियो । लहानदेखि गोलबजारसम्मका सरकारी निकायहरूमा तोडफोड हुँदा करोडौंको क्षति भएको छ । सिरहाको लहान नगरपालिकाको कार्यालयदेखि यातायात व्यवस्था कार्यालय, आन्तरिक राजस्व कार्यालय र खाद्य व्यवस्था कम्पनीका गोदामहरूमा लुटपाट र आगजनी हुँदा सर्वसाधारणको सेवा प्रवाह प्रभावित भएको छ ।

तर पछिल्ला दिनहरूमा आन्दोलनले नयाँ मोड लिएको देखिएको छ । जेन–जी आन्दोलनका युवाहरूले शनिबार बिहानदेखि आन्दोलन भएको ठाउँहरूमा सरसफाइ अभियान सुरु गरेका छन् । लहानको मुख्य चोक, इलाका प्रहरी कार्यालय अगाडिको सडक लगायत स्थानमा स्वयंसेवी युवाहरू झाडू र कुचो लिएर निस्किएका छन् । उनीहरूले अब आन्दोलन र तोडफोडको सट्टा सरकारलाई सहयोग गर्ने र समाजको रचनात्मक विकासमा लाग्ने जनाएका छन् । यो दृष्टिकोण परिवर्तन अत्यन्त सकारात्मक र स्वागतयोग्य छ ।

युवाहरूले जतिसुकै आक्रोश व्यक्त गरे पनि त्यो जब अराजक व्यवहारमा परिणत हुन्छ, त्यसको असर सम्पूर्ण समाजमा पर्छ । कार्यालयहरूमा आगजनी गरेर कम्प्युटर, फर्निचर नष्ट गर्नु, खाद्यान्न लुट्नु, चामल मोटरसाइकल र सिटी रिक्सामा बोकेर लैजानु आन्दोलनको नाममा स्वीकार्य व्यवहार होइन । सिरहा प्रशासनले सार्वजनिक सूचना जारी गर्दै लुटपाटमा संलग्नहरूलाई सात दिनभित्र सामान फिर्ता गर्न आग्रह गर्नु तथा यथोचित कानुनी कारबाही गर्ने चेतावनी दिनु पूर्णतः जायज छ ।

त्यस्तै, दशकौँदेखि चल्दै आएको गोलबजार नगरपालिका–८ को चोहर्वा गुदरी हाटबजारमा आन्दोलनपछि फोहोर थुप्रिन थालेको थियो । कर्मचारी नआएपछि बजार क्षेत्र अव्यवस्थित भएको थियो । यस्तो अवस्थामा चोहर्वा बजार विकास समिति र स्थानीय युवाहरूले स्वस्फूर्त रूपमा सरसफाइ अभियान चलाउनु प्रेरणादायी कार्य हो । चाडपर्व नजिकिँदै गर्दा बजार क्षेत्र स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले गरिएको अभियानले व्यापारी, उपभोक्ता र स्थानीय बासिन्दाहरूमा आशा र उत्साहको संचार गराएको छ ।

आन्दोलनले मुद्दा उठाउँछ, तर समाधान सम्वाद र रचनात्मकताबाट मात्र सम्भव हुन्छ । जेन–जी पुस्ताले देखाएको ताजगीपूर्ण सोच र कार्यान्वयनले अब देशभरका युवाहरूमा सकारात्मक सन्देश दिन सक्छ । यदि आन्दोलन सचेत, जिम्मेवार र शान्तिपूर्ण रूपमै अगाडि बढ्ने हो भने त्यसले दीर्घकालीन असर पार्छ । अर्कोतर्फ, अराजकता र लुटपाटले आन्दोलनको नैतिक धरातल कमजोर बनाउँछ । अहिलेको आवश्यकता सम्वाद, सहकार्य र सिर्जनशीलताको हो । युवाहरूले रचनात्मक अभियानमार्फत जुन सकारात्मक सन्देश दिएका छन्, त्यसले समाजमा नयाँ ऊर्जा भरिदिएको छ । सरकारको पक्षबाट पनि यस्ता युवाहरूलाई सम्बोधन गर्न र सही दिशामा प्रोत्साहन दिन आवश्यक छ ।

अब आन्दोलनको मोड बदलिएको छ । यो रचनात्मक रूपान्तरणलाई संस्थागत गर्न सक्नुपर्छ । आन्दोलनको उद्देश्य केवल प्रतिरोध होइन, सुधार पनि हुनुपर्छ ।

# अब दुःख मानेर बस्ने समय होइन, काम गरेर आफ्नो दक्षता र क्षमता देखाउने बेला हो



**डा.दामोदर रेग्मी**

जेनजीको आन्दोलनले देशको प्रशासनिक क्षेत्रमा इतिहासकै ठूलो क्षति पुऱ्याएको छ । यसअघि पनि केही क्षति भएका थिए तर यो स्तरको विनाश कहिल्यै भएको थिएन । विगतमा मुख्यतः पूर्वाधारमा क्षति सीमित रह्यो भने यसपटक सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन लगायतका प्रमुख कार्यालयहरू नै क्षतिग्रस्त भए । सार्वजनिक सम्पत्ति ठूलो मात्रामा नष्ट भयो । महत्त्वपूर्ण अभिलेखहरू हराए, कर्मचारी बस्ने ठाउँ छैन र सेवाग्राहीका लागि कार्यालयमा पुग्ने अवस्था पनि छैन । यस असहज परिस्थितिलाई स्वीकार गरेर मात्र अगाडि बढ्नुपर्ने देखिन्छ ।

अब दुःख मानेर बस्ने समय होइन, काम गरेर आफ्नो दक्षता र क्षमता देखाउने बेला हो । माओवादी द्वन्द्वकालमा पनि कर्मचारीहरूले देश चलाएका थिए, तर अहिले अवस्था अझ कठिन छ । देशलाई पुरानै गतिमा फर्काउन केन्द्रदेखि पालिकासम्मका कर्मचारीले सक्रिय रूपमा काम गर्नुपर्ने खाँचो छ । कर्मचारी संयन्त्रनै नागरिकका लागि असल सहयोगी हो भन्ने प्रमाण दिन सक्ने यो अवसर पनि हो । जनतासँगै कर्मचारीको मनोबल पनि घटेको छ । मनोबल बढाउने जिम्मेवारी मुख्य सचिव लगायत माथिल्लो तहका अधिकारीहरूको हो । माथिल्लो तहका अधिकारी सक्रिय र विश्वस्त भएर काम गरेमा अरू कर्मचारीहरू पनि आत्मविश्वासी भएर आफ्नो काम गर्न सक्छन् । बलियो कर्मचारीको उपस्थितिले देशका तीन करोड नागरिक पनि बलियो बन्छन्, किनभने कर्मचारी सरकारको प्रत्यक्ष प्रतिनिधि हुन् । चुनौतीपूर्ण परिस्थितिमा पनि कर्मचारीले आफ्नो मनोबल उच्च राखेर नागरिकको सेवा गर्नु आवश्यक छ । कर्मचारीले सकारात्मक दृष्टिकोण अपनाउँदा नागरिकमा पनि विश्वास र आशा पलाउँछ ।

अब प्रधानमन्त्रीको कार्यालयले २४ घण्टा काम गर्नुपर्छ । कार्यालय समय बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म भए पनि अरू समयमा भर्चुअल माध्यममार्फत पनि सक्रिय रहनुपर्छ । राति १ बजे फोन आए पनि जवाफ दिनुपर्छ र सम्पर्कमा रहनुपर्छ । मुख्य सचिवको मातहतमा रहेका ७२ सचिव, सचिवको मातहतका सहसचिव र अन्य कर्मचारीबीच निरन्तर समन्वय र सम्पर्क कायम रहनुपर्छ । माथिल्लो तहले उदाहरण प्रस्तुत गरेमा तल्लो तह र सम्पूर्ण प्रशासन पनि मजबुत हुन्छ । सात सय ५३ पालिका, सात प्रदेशमा प्रशासन संयन्त्रले व्यवस्थापन गर्नुपर्छ । नागरिकलाई सहजीकरण निकायको रूपमा छ भनेर अनुभूति दिनुपर्छ । यही कामकाज मार्फत निजामती प्रशासन जनतासँग विश्वसनीय र प्रभावकारी बन्न सक्छ ।

कार्यालयमा कुर्सी नहुँदा पनि, भुइँमा बसेर भए पनि कर्मचारीले सेवा दिनुपर्छ । पहिले ठूलो कोठामा काम गर्थे भने अहिले धेरै जना एउटै सानो कोठामा बस्नु पर्ला । कोठा नै नभए बाटोमै बस्नु पर्ला वा टेन्टमा बसेर पनि काम गर्नुपर्छ । खाजा खाने ठाउँ नहुन सक्छ, गाडी नहुन सक्छ, छत नहुन सक्छ । तर नागरिकलाई सेवा दिन र देश निर्माणमा योगदान गर्न यसै परिस्थितिमा पनि काम गर्नुपर्छ । हरेक तहका कर्मचारीले सक्रिय भएर काम गर्नुपर्छ, नागरिकलाई सन्देश प्रवाह गर्नुपर्छ, स्वयंसेवक जस्तो भूमिका लिएर सहयोग गर्नुपर्छ । विद्यमान स्रोतसाधनमै काम शुरु गर्नुपर्छ र उपलब्ध सीमित स्रोतबाट पनि काम भएको देखाउनुपर्छ । कर्मचारीले कानून र नियम जानेका छन् । क्षमतावान् छन् । त्यो प्रयोग गर्नुपर्छ । यसले नागरिकमा राम्रो सन्देश जान्छ ।

कामसँगै चुनौतीहरू पनि धेरै छन् । नागरिकले कार्यालयमा सजिलै पुग्न सक्ने अवस्था बनाउनुपर्छ । सेवाग्राहीलाई सेवा दिन चुनौतीपूर्ण भए पनि, कर्मचारीले कुन तहको समस्या कस्तो छ भनेर पहिचान गर्नुपर्छ । पहिले एक दिनमा हुने काम अब ३–४ दिनमा हुन सक्छ भन्ने बुझ्नुपर्छ र नागरिकलाई बुझाउनुपर्छ । कामको प्राथमिकता अनुसार तत्काल गर्नु पर्ने, २–३ दिनमा गर्न सकिने र लामो समयसम्म गर्न सकिने काम छुट्याएर सेवाग्राहीलाई जानकारी दिनुपर्छ ।

तत्काल भौतिक रूपमा सेवा दिन नसकिने भए अनलाइन माध्यमबाट सेवा दिन सकिने व्यवस्था मिलाउनु पर्छ । आवश्यक परे मात्रै भौतिक उपस्थितिमा सेवा दिन सकिन्छ । अभिलेख नहुँदा काम गर्न कठिनाइ हुन्छ । अभिलेख राख्ने अन्य निकायबाट पनि आवश्यक जानकारी लिन सकिन्छ । नागरिकले विभिन्न ठाउँमा पेश गरेको अभिलेख कहाँबाट प्राप्त गर्न सकिन्छ भनेर योजना बनाउनु आवश्यक छ । पहिलेको संरचना पर्याप्त थिएन र अहिले धेरै प्रणाली ध्वस्त भइसकेका छन् । वैकल्पिक व्यवस्था गर्नुपर्छ र सूचना प्रविधिको प्रयोग बढाउनुपर्छ । पहिले अभिलेख केवल कागजमा सीमित थिए, अब डाटा सेन्टर शाखा राखेर डिजिटल रूपमा व्यवस्थापन गर्न सकिन्छ । सूचना प्रविधिको माध्यमबाट इमेल र अनलाइन व्यवस्थापन सम्भव छ र आवश्यक परे नागरिकसँगको सम्पर्क अनलाइनमार्फत पनि गर्न सकिन्छ ।

दोश्रो काम पुनर्निर्माण हो । भौतिक संरचना सबैका लागि आवश्यक हुन्छ । शुरुमा सरसफाइ, टेबल–कुर्सी र कागजातको व्यवस्थापन गर्नुपर्ने हुन्छ । जुन काम कार्यालयको खर्चबाट गर्न सकिन्छ । अब गाडी, भवन लगायतका विषयका लागि दीर्घकालीन योजना बनाउनु पर्छ । दीर्घकालीन योजना अनुसार प्राथमिकताका आधारमा संरचना निर्माण गर्नुपर्छ र यसमा समय लाग्न सक्छ । ध्वस्त भएको संरचनाको पुनःनिर्माणमा लामो समय लाग्छ । प्रधानमन्त्रीको कार्यालयले सबै पक्षलाई समेटेर मूल्याङ्कन गर्नुपर्छ पुनःनिर्माण कसरी गर्न सकिन्छ, लागत कति लाग्छ भनेर ।

सरकारी, निजी क्षेत्र, नागरिक, दाता र अन्य निकायबाट सहयोग लिन सकिन्छ । व्यक्तिगत, व्यावसायिक र सरकारी तहमा भएका क्षतिको मूल्याङ्कन गरी स्रोत जुटाउन पहल गर्नुपर्छ । रिपोर्ट संकलन गरेर नोक्सान कसरी कम गर्ने र पुनःस्थापना कसरी गर्ने भनेर योजना बनाउनु आवश्यक छ । यसले अन्तर्राष्ट्रिय रूपमा पनि सकारात्मक सन्देश जान्छ । कर्मचारी संयन्त्रले क्षमताको सदुपयोग गर्दै नेपालको प्रशासन प्रभावकारी भएको देखाउन सक्छ । आन्दोलनका चुनौतीका बाबजुत नागरिकलाई सेवा प्रवाह गरिएको, जलेका संरचना पुनर्निर्माणको योजना तयार गरिएको, आवश्यक स्रोतको व्यवस्थापन भइरहेको भन्ने कुरा स्पष्ट रूपमा जनाउन सकिन्छ । राजनीतिक, नागरिक र मिडियाको सहयोगमा यसलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ ।

आउँदो राजनीतिक नेतृत्व र संयन्त्रले गल्ती भएका ठाउँहरू पहिचान गरी आवश्यक कारबाही गर्नुपर्छ । नेतृत्व यस्तो हुनुपर्छ जसले बुझोस् कि कर्मचारीले काम गरिरहेको छ र म पनि सहयोग गर्छु । सेवा प्रवाह व्यवस्थित र नियमित गर्न सक्नु नेतृत्वको दायित्व हो । चाडपर्व नजिकिँदा गलत तत्वले फाइदा लिन सक्ने भएकाले यस समयमा जनता, नागरिक समाज, राजनीतिक दल, व्यापारी र दातासम्म सबैले सहयोग गर्नुपर्छ । जनप्रतिनिधिले पनि प्रतिकूल परिस्थितिमा पनि भुइँमा बसेर काम गर्न तयार हुनुपर्छ । उनीहरूले अवरोध हटाउन र कर्मचारी संयन्त्रलाई सहयोग गर्न आउनुपर्छ । सेवा–सुविधा प्रवाहका लागि सामान्य कुर्सीमा बस्नुपर्ने अवस्था आउन सक्छ, त्यसैले धेरै अपेक्षा राख्नु हुँदैन ।

सकेसम्म काम गर्ने र नसकेको कामको जानकारी सहयोगका लागि सम्बन्धित निकायलाई दिनु

–बाँकी तीन पेजमा

# खड् जितियाको कठोर उपवास

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २९ भदौ । सन्तानको दीर्घायु, पुत्र प्राप्ति तथा पारिवारिक सुख–शान्तिका लागि मनाइने महान् पर्व जितिया आइतबार दोस्रो दिनमा प्रवेश गरेको छ । यस दिन विवाहित महिलाहरूले कठोर उपवास गर्दै 'खड् जितिया' व्रत बसिरहेका छन् । शनिबार नहा–खा (नुहाएर खानु) विधिबाट जितिया पर्वको सुरुवात भएको थियो । सप्तरीसहित तराईका जिल्लाहरूमा महिलाहरू नदी, तलाउ वा पोखरीमा स्नान गरी भगवान् जिमतुवाहन र दिवंगत पितृलाई चिउरा, दही, अमोठ, पिना, तोरीको तेल लगायत प्रसाद चढाएर पूजा गरेका थिए । सो प्रसाद ब्रतालु र उनका परिवारजनले ग्रहण गर्ने परम्परा रहेको व्रतालु सुनिता देवीले बताउनुभयो ।

**ओगटन र कठोर उपवास**

आइतबार सप्तमीको बिहान सूर्योदयभन्दा पहिले वा कागको आवाज आउनु अघि महिलाहरूले ओगटन सम्पन्न गरी दिनभर निर्जल उपवास बस्ने गरेका छन् । ओगटनमा घिरौलाको पातमा दही, चिउरा, केरा, पान–सुपारी भगवान् जिमतुवाहनलाई अर्पण गरी त्यसपछि परिवारसँगै ग्रहण गरिन्छ । स्थानीय भाषामा 'माछ मरुवा' भनेर चिनिने चलनअनुसार व्रतालुहरूले कोदोको रोटी, नुनीको साग र माछा पनि खाने गरेको



अर्की व्रतालु सुजान देवीले बताइन । उनका अनुसार त्यसपछि दिनभर न त खानेकुरा, न त पानी ग्रहण गर्दछ । यही कारण यसलाई 'खड् जितिया' भनिन्छ ।

**धार्मिक–सांस्कृतिक महत्त्व**

जितिया व्रतलाई धार्मिक मात्र नभई सांस्कृतिक तथा तान्त्रिक महत्त्वको पर्व मानिन्छ । पण्डित विश्वनाथ झाका अनुसार "यो पर्वमा महिलाले आफैं दिवङ्गत पितृलाई पिण्ड चढाउँछिन्, जसले महिलाको धार्मिक तथा सामाजिक भूमिकालाई अझ महत्त्वपूर्ण बनाउँछ ।" पौराणिक कथाअनुसार राजा शालिवाहनको राज्यमा एउटी महिलाका सात छोरालाई दैत्यले अपहरण गरेको थियो । राजाले दैत्यसँग युद्ध गरी सातै छोरालाई फर्काइदिएपछि महिलाले राजालाई 'जिमतुवाहन' नाम दिएर स्मरण गर्न सुरु गरिन् । त्यसै दिनदेखि महिलाहरूले व्रत बस्ने परम्परा सुरु भएको विश्वास छ ।

भविष्य पुराणमा पार्वतीले महादेवसँग सन्तानको अकाल मृत्यु रोक्ने उपाय सोध्दा, महादेवले जिमतुवाहन व्रत पालना गरे सन्तान

–बाँकी तीन पेजमा

# सम्झौताको नाममा जेनजी विद्रोहले गरेको गम्भीर भूल

परिवर्तनको निःस्वार्थ सपना देखेर गोली खाने किशोरहरूको रगत बानेश्वरको सडकमा यतिकै सुक्ने हो कि भन्ने आशंका बढेको छ।

**सरल सहयात्री**

सेप्टेम्बर आठबाट सुरु भएको जेन-जी आन्दोलन नेपाली राजनीतिमा नयाँ आशा र सम्भावनाको प्रतीकका रूपमा देखा पर्‍यो । यो केवल सडकमा हुने विरोध प्रदर्शन मात्र थिएन, यो युवापुस्ताको राजनीतिक चेतना, न्याय र सुशासनको खोजी, भ्रष्टाचार र अस्थिर शासनप्रति लामो समयदेखि मौन रहेका आवाजहरूको प्रत्यक्ष अभिव्यक्ति थियो । कांग्रेस एमाले गठबन्धनका नेता तथा निवर्तमान प्रधानमन्त्री केपी ओलीले जेनजी आवाजलाई 'केटाकेटी लहड'को संज्ञा दिएर आफ्नो परम्परागत हेपाहा प्रवृत्तिलाई अझ उचो श्वरमा प्रस्तुत गरे ।

मूलतः समाजिक सञ्जाल प्रतिबन्धबाट सडकमा उत्रिएका युवाहरूले पुरानो राजनीतिक संरचनामा सुधार र सुशासनका लागि प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री आवश्यक रहेको कुरा स्पष्ट रूपमा देखाए । लोकतान्त्रिक भनिएको दलका नेताहरूको 'म भइनँ भने...' भन्ने अनन्त चिन्ता र दलका केही अनुत्तरदायी नेताहरूबाट गरिने खुल्लाम-खुल्ला भ्रष्टाचारका कारण संसदीय प्रणाली भनेको भ्रष्टाचारको पर्याय हो र दलका नेता कार्यकर्ता भनेका झोले हुन भन्ने भाष्य पैदा गरिँदै आएको थियो ।

प्रधानमन्त्रीले नपत्याएको जेनजी पुस्ता संसद् भवन अघि प्रदर्शन गरिरहेका बेला १९ जना कलिला विद्यार्थी र युवालाई गोली हानियो र यसको प्रतिक्रिया स्वरुप आन्दोलनको प्रभाव यति व्यापक भयो कि भ्रष्टचारीको सम्पत्ति कब्जा गर्ने आगजनी गर्ने आक्रोशको अराजक मारमा इमान्दार र सर्वसाधारण समेत परे । यद्यपी, राजनीतिक दलहरूको मनोविज्ञानमा निकै ठूलो कम्पन गयो र जेनजीको प्रतिनिधिहरूले राखेका माग स्वीकार गर्ने दिशामा झुकेका थिए ।

आजको जेनजी पुस्तामा देशको राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष कार्यकारी प्रणाली चाहिन्छ भन्ने स्पष्ट विचार देखिन्छ । युवा पोलिटिसियनहरू कुनै न कुनै दिन यस मुद्दाका पक्षधरहरूले देशमा दुईतिहाइ बहुमत ल्याउनेछ र राष्ट्रले सुशासनको मार्ग लिनेछ भन्ने लामो बाटो हिँडिरहेको छौं । सेप्टेम्बर नौंको असोचनीय 'अराजक ध्वंस'को बाबजुद 'आन्दोलनको बलमा संविधान संशोधन भएर आउँदो चुनाव देशमा प्रत्यक्ष कार्यकारीका लागि मतदान हुने भयो र लोकतन्त्रले स्थायित्व प्राप्त गर्ने मार्गमा खडा हुने भो' भन्ने आशा जेनजी आन्दोलनसँग पलाएको थियो ।

तर राष्ट्रपतिबाट असंवैधानिक रूपमा प्रधानमन्त्रीमा नियुक्त सुशीला कार्कीले संविधान संशोधनको सो प्रस्ताव अघि नबढाई पहिलो मन्त्रिपरिषद् बैठकबाट प्रतिनिधिसभा विघटन गराएपछि जेनजी आन्दोलन हाइज्याक हुन थालेजस्तो देखियो । केही दिनअघिसम्म तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली जेनजीलाई 'केटाकेटी आए गुलेली खेलाए मट्यांग्राको सत्यानास' भनेर हेप्दै थिए । अन्तरिम सरकारको प्रधानमन्त्री कार्की जेनजी पुस्ताको अदम्य साहस र बलिदानलाई बिजर्सनको बाटोमा लैजाँदैछिन् । तर, जेनजी पुस्ताका कयौंले कार्की प्रधानमन्त्री पाउनुमै अहोभाग्य भएजस्तो भाव व्यक्त गरिरहेका छन्, जसलाई खरानीको डल्लाबाट रानी बनाएर बच्चाहरू खुसी भएको महसुस गर्न सकिन्छ ।

जेन-जी आन्दोलनको मूल-आधार भ्रष्टाचारविरुद्धको व्यापक असन्तोष र अस्थिर शासकीय प्रणाली थियो । नेपालमा भ्रष्टाचार केवल प्रशासनिक स्तर वा दलगत नेतामा सीमित छैन। यो समाजकै मनोविज्ञानमा गहिरो रूपमा संक्रमित छ । बजेट बाँडफाँड, ठेक्का-पट्टा र सार्वजनिक सेवा वितरणदेखि उपभोक्ता समितिमा नाफा खोज्ने प्रवृत्तिसम्म संस्थागत स्तरमा फैलिएको छ । राज्यलाई कर तिर्ने समेत व्यवसायीले घुस खुवाउनुपर्ने अवस्था छ । यसै कारण युवा पुस्ताले सडकमा आएर प्रत्यक्ष कार्यकारी प्रमुख मार्फत स्थायी सरकार र सो मार्फत सुशासनको माग गरे । तर, आन्दोलनको वास्तविक कमजोरी यसमा थियो कि जेनजी नेतृत्वले आफ्नो आन्दोलनलाई न संरचनागत रूपमा संस्थागत गर्न सके, न नेतृत्वलाई । न आफ्ना एजेन्डा र एजेन्डालाई संस्थागत गर्ने प्रक्रियालाई स्पष्ट पार्न नै सके ।

प्रतिनिधिसभा विघटनको पूर्वसर्त भनेको कुनै व्यक्तिको वचन र अहंताको विषय मात्रै थिएन, प्रत्यक्ष कार्यकारी मार्फत स्थायी सरकार नदिने र देशलाई अस्थिर सरकारकै मार्गमा खडा गर्ने देशी विदेशी डिजाइन समेत थियो । देशको आतंक र अस्थिरता भैरहोस तर निष्कर्ष अस्थिर सरकारमै घुमिरहोस् भन्ने कुत्सित चाह फेरि सफल भयो । वास्तवमा प्रतिनिधिसभा विघटन गर्न दलहरू बाध्यकारी तयार भएका थिए । 'जेनजीको मुद्दा संविधानमा समेटियोस्, अन्तरिम प्रधानमन्त्री संवैधानिक प्रक्रिया मार्फत होस् र यति कार्यसम्पन्न गरेकै क्षण प्रतिनिधिसभा विघटन भएर नयाँ कार्यकारी प्रमुख र प्रतिनिधिसभाको चुनावको मार्गमा देश हिँडोस्' भन्ने सबै दल र विशेषगरी दलका युवा पुस्ताको चाह थियो ।

विशेषगरी मूलतः बालेन्द्र शाहको आत्ममुग्ध लोकप्रियताको अहंकारी मोहले संविधान सुधारको सुनौलो अवसर गुमायो । आन्दोलनले ६२/६३ पछि भएको माओवादी र दलहरूबीच भएको शान्ति सम्झौताको मोडलमा राष्ट्रपति, प्रतिनिधिसभा राष्ट्रिय सभाका मुख्य दल, सेना र अन्य निकायलाई साक्षी राखेर प्रत्यक्ष कार्यकारी प्रमुखको चुनाव प्रणाली लगायतका विषयलाई संविधानको अंग बनाउन सम्भव थियो । तर, इतिहास समीक्षा र आगामी भविष्यको शिक्षाका लागि मात्रै काम लाग्छ । इतिहास उही रूपमा न फर्काउन सकिन्छ न बदल्न नै ।

सुशीला कार्की प्रधानमन्त्री भएकोमा खुसी हुनु भनेको ०६४ मा धेरै सिट जितेका कारण माओवादी मात्तिनु जति पनि होइन । जेनजीले थाहा पाउनुपर्छ अहिलेको उभारभन्दा दर्जनौं गुणा बढी माओवादी पार्टी र यसका नेताहरूप्रति आजका जेनजीजस्ता युवा र देशको आशा थियो । जहाँ भन्यो त्यहीँ ज्यान दिन तयार सँगठन थियो। ६४ को चुनावले माओवादीलाई ६०१ मध्य २३८ सिट जनमत प्रधान गर्‍यो ।

यद्यपी, समन्वय सहकार्य र सहअस्तित्व स्वीकार गरेर अघि बढ्नेमा केही कमजोरीहरू नगरेको भए सम्भवतः प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीसम्म त्यहीबेला पुग्न सकिन्थ्यो । पहिलो संविधानसभाबाटै संविधान जारी हुन सक्थ्यो। देशभित्र र बाहिर जनआन्दोलनको सम्बोधन भएजस्तो होस् तर अस्थिरता कायम रहिरहोस् भन्ठान्ने कुत्सित मन बलियो नै थियो । त्यसमा घिउ थप्यो स्वयं माओवादी र यसका नेतामा आएको घमण्डहरूले ।

अन्ततः जनताका धेरै मनोविज्ञान र अधिकारहरू संविधानमा लेखिएको भए पनि यही अस्थिर संसदीय शासकीय प्रणालीमा नोटअफ डिसेन्टसहित सम्झौता गर्न बाध्य भएर संविधान जारी भयो । महिला प्रधानमन्त्री पाएकोमा खुसी हुन बाहेक अब प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था संविधानमा लेख्न जेनजी र यो मुद्दा बोक्नेहरूले दुईतिहाइ मत ल्याउनपर्छ । नेपालको सामाजिक चरित्र हेर्दा चुनावमा अझैपनि स्वयं जेनजीको हिस्सा पनि ५ लिटर तेल र एक बोतल बियरमा बिक्छ भन्ने कुराको उदाहरण आन्दोलनमा भएको लुटपाटले स्पष्ट पारिसकेको छ ।

अहिले नियुक्त प्रधानमन्त्री नियुक्तिको संवैधानिक परिणाम अब विस्तारै निस्कन शुरु गर्दछ । राष्ट्रपतिले संविधानको धारा ६१ प्रयोग गरी कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्दा संवैधानिक बहसको ढोका खुलेको छ । सुशीला कार्कीले संविधानको पालना गर्ने शपथ लिएका कारण अब संविधानको पालना गर्ने सन्दर्भमा हुने बहस र त्यसको निष्कर्षको लागि प्रधानमन्त्री कार्की तयार हुनुपर्ने संवैधानिक बाध्यता अनिवार्य छ । आगामी एकाध दिनभित्र त्यस्तै पर्दा प्रतिनिधिसभाका सभामुख सहितको सदस्यहरूले वा अन्य व्यक्तिहरूमार्फत प्रतिनिधिसभाको विघटन र सुशीला कार्कीको प्रधानमन्त्री नियुक्ति प्रक्रियाका सम्बन्धमा सर्वोच्चमा मुद्दा पर्ने निश्चित छ ।

यसको संवैधानिक बहस हुँदा सुशीला कार्की सर्वोच्चको प्रधानन्यायाधीश भएका कारण प्रधानमन्त्री हुन नमिल्ने स्पष्ट प्रावधान त छँदै छ, सँगसँगै धारा ६१ प्रधानमन्त्री नियुक्त गर्ने प्रक्रिया होइन भन्ने कुरा सर्वोच्चको पहिलो नजरमै पर्नसक्छ । यस आधारमा सर्वोच्च अदालतले यस नियुक्तिलाई असंवैधानिक ठहऱ्यायो भने सुशीला कार्कीको नियुक्ति स्वतः अमान्य हुनेछ । सो अनुसार प्रतिनिधिसभा विघटनको सिफारिस र राष्ट्रपतिले गरेको निर्णय दुवै असंवैधानिक मानिने अवस्था सिर्जना गर्नेछ र प्रतिनिधिसभा पुनर्स्थापित हुनेछ ।

सम्भावित यस प्रक्रियामार्फत आन्दोलनले चाहेको स्थायी शासकीय सुधारको सपनाको सहज बिसर्जन गराउँछ । परिवर्तनको निःस्वार्थ सपना देखेर गोली खाने किशोरहरूको रगत बानेश्वरको सडकमा यतिकै सुक्ने हो कि भन्ने आशंका बढेको छ । र, देशको सम्पति नष्ट गरेको अभियोगमा एकएक व्यक्ति मुद्दाका भागिदार हुनेछन् । यो असफलतामा राजनीतिको स्थायित्व र सुशासन चाहने हाम्रो सपनाको समेत असफलता भएको छ ।

वास्तवमा जेन-जी आन्दोलनले नेपाली समाजमा उत्पन्न गरेको चेतना असाधारण थियो । विध्वंसको मार निर्दोष व्यक्तिहरूमा समेत परेता पनि भ्रष्टाचारी र उनको शाखा सन्तानको मनमा यस्ता कु-कर्म गर्न नहुने रहेछ भन्ने सकारात्मक आतंक सृजना भएको थियो । सँगसँगै जेनजी पुस्ता कतै राजनीतिमा प्रवेश नै नगरी पुस्ताको रिक्तता गर्ने त होइन भन्ने सामाजिक आशंकालाई ध्वस्त बनायो । यसले देखाएको थियो कि- युवापुस्ता केवल राजनीतिक परिवर्तनको आकांक्षामा मात्रै छैनन, उनीहरू सुशासन, पारदर्शिता र दिगो लोकतान्त्रिक संरचनाको पक्षमा छन् ।

तर इतिहासले पटकपटक निर्ममतापूर्वक पुष्टि गरेको छ- आन्दोलन भनेको केवल सडकमा देखाइएको हौसला मात्र होइन, यसको वास्तविक मूल्य तब हुन्छ जब आन्दोलनले आफ्नो मागलाई संविधानमा संस्थागत गर्ने क्षमता देखाउँछ । यदि आन्दोलनमा केवल भावनात्मक उग्रताको रूपमा रहयो भने, त्यसको उपलब्धि क्षणिक हुन्छ र पुरानै राजनीतिक गोलचक्करमा फर्किन बाध्य हुन्छ । जेन-जी आन्दोलनले यही गल्ती दोहोऱ्यायो र संसदीय गोलचक्करमा राजनीतिलाई फर्काएको छ ।

# ७३० राउन्ड गोलीसहित ८ पक्राउ

काठमाडौं, २९ भदौ । काभ्रेको बनेपा नगरपालिका-९ बाट ७ सय ३० राउन्ड गोलीसहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बनेपा-९ कै २६ वर्षीय सिजन सुवाल, २८ वर्षीय सुवास गौतम, १८ र १५ वर्षका किशोर, बाराका २० वर्षीय महेश मुखिया, मकवानपुरको बकैया गाउँपालिका-६ का २४ वर्षीय सुशान्त लो, काभ्रेको तेमाल गाउँपालिका-२ का २१ वर्षीय तिमोथी तामाङ र काभ्रेको पनौती नगरपालिका-१० का ३४ वर्षीय अछुत खड्का रहेका छन् । काभ्रे जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई गएराति पक्राउ गरेको हो ।

## *आन्दोलनमा...*

चोट हो । गाउँमा अहिले पनि विजयको कोठा खुलै छ । उनकी श्रीमती अझै अर्धचेत अवस्थामा छिन्। छोरीले बुझ्ने उमेर छैन । तर आमाको मनमा विजयको पाइला अझै सुनिन्छ- 'पक्कै आउँछ नि' सबैसँग मिलेर बस्नसक्ने उनको स्वभाव थियो । लहान-१५ का वडाध्यक्ष तेजनारायण चौधरी भन्छन्, "विजय सधैँ शान्त स्वभावका थिए । कसैसँग झगडा गर्दैनथे । गाउँमा सबैलाई सम्झाइबुझाइ गर्थे ।" उनका अनुसार विजय सो दिन साथीसँग सामान किन्न निस्किएका थिए । संसद् भवनअगाडि भीड देखेपछि भिडियो खिचिरहेका थिए । साथीहरूले फर्किन भनेका थिए, त्यसैबेला उनलाई गोली लाग्यो ।

गाउँमा अहिले सिंगो टोल स्तब्ध छ । तर त्यो स्तब्धताभन्दा गहिरो छ, सत्यलाई लुकाएर गरिएको प्रतीक्षा । आमाबुबा जसको आँखा बाटोमा छ, जसको कान मोबाइलको घण्टीतिर छ, अनि जसको मन आशा र भयको दोधारमा बाँधिएको छ । आमालाई सत्य कहिले बताइने हो, कुनै पत्तो छैन ।

## *जनकपुरधाम ...*

कार्यकक्ष, अभिलेख शाखा र लेखा शाखाबाहेक अन्य सबै शाखा नष्ट भएको झाले जानकारी दिए । 'तत्काल कम्प्युटर, प्रिन्टरलगायत आवश्यक सामग्री पुनः खरिद गर्नुपर्ने अवस्था छ । सरसफाइदेखि खरिदसम्मका कामलाई छिटो सुरुवात गरे पनि कम्तीमा एक महिना समय लाग्छ,' उनले भने । आगलागीका कारण कार्यालय परिसरमा रहेको एक एम्बुलेन्स, दुई वटा गाडी र करिब आधा दर्जन मोटरसाइकल पनि जलेर नष्ट भएका छन् ।

## *मधेस प्रदेश ...*

'आक्रोशले यति चरम रूप लिनु निकै दुःखद् छ । सार्वजनिक सम्पत्तिको मात्र नभई मेरो निवासमा समेत आक्रमण भएको छ,' उनले भने । प्रदेश सभाभित्र रहेको मिडिया सेन्टरका कम्प्युटर र टेलिभिजनसमेत चोरी भएको सचिवालयले जनाएको छ । सभामुख मण्डलले आफू हाल जनकपुरधाम बाहिर रहेको जानकारी दिँदै फर्किएपछि दलका नेताहरूसँग छलफल गरी सचिवालय सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाइने बताए ।

## *खड्ग जितियाको...*

दीर्घायु हुने बताएपछि यसको महत्त्व अझ प्रष्ट भएको उल्लेख छ ।

**स्यालनी र चीलको कथा**

जितियासँग सम्बन्धित कथा अनुसार नर्मदा नदी किनारमा व्रतालु महिलाले व्रत बस्दा स्यालनी र चीलले पनि व्रत बस्ने निर्णय गर्यो । तर स्यालनीले चोरी-छिपी मृतकको मासु खाएपछि व्रत भङ्ग भयो । पुनर्जन्ममा स्यालनी कर्पुरावती र चील शीलावतीका रूपमा जन्मिए । व्रत भङ्गको कारण कर्पुरावतीका सन्तान दीर्घजीवी भएनन् भने शीलावतीका सातै सन्तान दीर्घायु भए । यस कथाले व्रतको कठोरता र महत्त्व उजागर गर्छ ।

**व्रत असफल भए कठोर नियम**

जितिया व्रतलाई 'खड् जितिया' भनिने अर्को कारण यसको कठोर नियम हो । व्रतको दिन महिलाले डकार गर्नु, खकार गर्नु वा जिब्रो टोकिनु पनि व्रत भङ्ग भएको मानिन्छ । एक पटक व्रत असफल भएमा जीवनभर पुनः व्रत बस्न नपाइने मान्यता छ ।

**सांस्कृतिक महत्त्व**

यस पर्वमा विभिन्न जनावर र चराको पूजा गर्ने परम्परा छ । हिन्दू धर्ममा गाई, परेवा, कुकुर, हाँस, बाघ, मुसो आदि पूजिने भए पनि जितियामा विशेषगरी स्यालनी र चीललाई पूजा गरिन्छ । यसले प्रकृति र जीवजगतप्रतिको आदर दर्साउँछ । तीन दिने यो व्रत सोमबार अष्टमीका दिन विधिपूर्वक सम्पन्न गरिने छ । उपवास तोड्ने बेलामा महिलाहरूले पुनः भगवान् जिमुतवाहनलाई पूजा-आराधना गरी व्रत पूरा गर्ने परम्परा छ ।

## *अब दुःख मानेर...*

पर्छ । प्रशासकीय अधिकृत, मेयर, वडा अध्यक्ष, सचिव लगायत सबैले राजनीतिक प्रभावमा नपरी नागरिकको सेवा प्रभावकारी बनाउनुपर्छ । टोल विकास समिति, क्लब, आमा-बाबा समूहजस्ता स्थानीय संस्थाहरूले पनि सहयोग गर्नुपर्छ । पालिकाको समस्या बुझेर सेवा लिन जानुपर्छ, ढिला हुन सक्छ भन्ने बुझ्नुपर्छ । यसरी सबैले आफ्नो भूमिकामा सक्रिय भएर असहजतालाई सहज रूपमा रूपान्तरण गर्नुपर्छ । (प्रशासनविद् डा. दामोदर रेग्मीसँग महेश ज्ञवालीले गरेको कुराकानीमा आधारित) उज्यालो अनलाइनबाट

# कारागारबाट भागेका चार जना विदेशी कैदीबन्दी पक्राउ



जनकपुर, २९ भदौ । धनुषा प्रहरीले जेलबाट फरार चार जना विदेशी कैदीबन्दीलाई पक्राउ गरेको छ । चारजना नाइजेरियन र १ जना ब्राजिलका गरी चार विदेशी कैदीबन्दी नेपाल–भारत सीमा क्षेत्र दशगजाबाट पक्राउ परेका हुन् । पक्राउ पर्नेमा नाइजेरिय नगरिकहरु ३८ वर्षीय मो. लामिन्स डाबो, ३५ वर्षीय ग्लोरी बडे र ५५ वर्षीय इमनिउल ओगुडा उजिगवे रहेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए । यस्तै ब्राजिलका नागरिक २५ वर्षीय लारेसन ब्रिटो रहेका छन् ।

जेनजीको आन्दोलन चर्केपछि २४ भदौमा उनीहरू नख्खु कारागारबाट भागेको खुलेको छ । प्रहरी स्रोतका नुसार उनीहरू लागुऔषध र भिसा टेड समाप्त भएको अभियोगमा जेलमा थिए । उनीहरूलाई भारत बिहारको बासोपट्टी क्षेत्रबाट पक्राउ गरेर धनुषा प्रहरीले ल्याएको प्रहरी स्रोतले बताएको छ ।




# महान्यायाधिवक्ता बडालको राजीनामा स्वीकृत

काठमाडौं, २९ भदौ । महान्यायाधिवक्ता रमेश बडालको राजीनामा स्वीकृत भएको छ । अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले पदभार सम्हालेकै दिन बडालको राजीनामा स्वीकृत भएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएकै दिन अर्थात् मङ्गलवार बडालले पनि राजीनामा दिनुभएको थियो । महान्यायाधिवक्ताको भूमिका प्रधानमन्त्रीको प्रमुख कानूनी सल्लाहकारका रूपमा हुने गर्छ । नयाँ सरकार गठन भएपछि महान्यायाधिवक्ताले राजीनामा दिने नयाँ सरकारले अर्को व्यक्तिलाई नियुक्त गर्ने अभ्यास छ ।



# जेनजी आन्दोलनमा मृत्यु हुनेको संख्या ७२ पुग्यो

काठमाडौं, २९ भदौ । जेनजी आन्दोलनको क्रममा मृत्यु हुनेको संख्या ७२ पुगेको छ । प्रधानमन्त्री सुशीला कार्कीको पदभार ग्रहण कार्यक्रममा मुख्य सचिव एकनारायण अर्यालले सो जानकारी दिएका हुन् । आन्दोलनमा प्रदर्शनकारी ५९ जना, कैदीबन्दी १० जना र सुरक्षाकर्मी ३ जना गरी ७२ जनाको ज्यान गएको मुख्य सचिव अर्यालले बताए । उनका अनुसार १३४ जना प्रदर्शनकारी र ५७ जना प्रहरी घाइते भएका छन् ।



भ्रष्टाचार र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धविरुद्ध भदौ २३ गते युवाहरु आन्दोलनमा उत्रिएका बेला प्रहरीसँग झडप भएको थियो । त्यसक्रममा विभिन्न ठाउँमा आगजनी हुँदा पनि विभिन्न व्यक्तिहरुको मृत्यु भएको छ । मृतक सबैको सनाखत हुन सकेको छैन । जलेका ठाउँहरु सफा गर्ने क्रममा शव भेटिने क्रम जारी छ । आइतबार बिहान मात्रै चाबहिल चुच्चेपाटीको भाटभटेनीमा ६ जनाको शव भेटिएको छ ।

# सुदन गुरुङको पत्रकार सम्मेलनमा भाँडभैलो

काठमाडौं, २९ भदौ । आफूलाई जेनजी समूहको अगुवा बताउँदै आएका 'हामी नेपाल' नामक संस्थाका सञ्चालक सुदन गुरुङले पत्रकार सम्मेलन आयोजना गरेका थिए । आइतबार रिपोर्टर्सक क्लबमा आयोजित पत्रकार सम्मेलनमा गुरुङले राष्ट्रपति कार्यालयमा वार्ता चल्दाको वृत्तान्त सुनाउन थाले ।

वार्ताको वृत्तान्त सुनाउने क्रममा उनले आफूहरूको माग पूरा नभए यो सरकार पनि ढाल्ने चेतावनी दिए । यसैक्रममा पत्रकारहरूले गुरुङमाथि जिज्ञास गरे । सो क्रममा गुरुङले उत्तेजित हुँदै पत्रकारमाथि नै धम्कीपूर्ण भाषा प्रयोग गरेपछि पत्रकार सम्मेलनमा भाँडभैलो भएको हो । पत्रकारहरूमाथि धम्कीपूर्ण भाषा प्रयोग भएपछि पत्रकारहरू पनि गुरुङमाथि खनिए । सो क्रममा दुवै पक्षबीच धकेलाधकेल भएको हो ।

दुवैपक्षबीच धकेलाधकेल भएपछि पत्रकार सम्मेलन कक्ष तनावग्रस्त बनेको थियो ।

# पर्सामा दङ्गाग्रस्त क्षेत्र घोषणा

काठमाडौं, २९ भदौ । पर्सामा घण्टाघर चोकदेखि गण्डक चोकसम्मको राजमार्ग क्षेत्र र कारागार कार्यालय नजिक दङ्गाग्रस्त क्षेत्र घोषणा भएको छ । जिल्ला सुरक्षा समितिको आज बसेको बैठकले अर्को आदेश नभएसम्मका लागि दङ्गाग्रस्त क्षेत्र घोषणा गरेको हो । यसैबीच पर्सामा कर्फ्यु र निषेधाज्ञा हटिसकेको छैन । प्रशासनले वीरगञ्ज महानगरपालिकाको बजार क्षेत्रमा कर्फ्यु र निषेधाज्ञालाई निरन्तरता दिएको हो । महानगरको पूर्वमा बाइपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्मको क्षेत्रमा दैनिक बिहान ११ देखि बेलुकी ९ बजेसम्म निषेधाज्ञा र बेलुकी ९ देखि बिहान ५ बजेसम्म कर्फ्यु कायमै छ ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद दंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)